नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११९०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या : २०७९/८०(कृ.वि.म.)
च.नं. : ७७

## अनुदानित रासायनिक मलको हालको अवस्था बारे जानकारी

(मिति २०८०/०२/२५)

नेपाल सरकारले विभिन्न बालीहरुको लागि आवश्यक आधारभूत पोषक तत्वका रुपमा रहेको नाईट्रोजन, फोस्फरस र पोटास तत्व उपलव्ध गराउनको लागि रासायनिक मलहरुमा लागत सहभागिताका आधारमा किसानहरुलाई अनुदान उपलव्ध गराउने नीति लिदै आएको छ। यसै नीति अनुसार सरकारले यूरिया, डीएपी र पोटास मलहरु अनुदानित मूल्यमा किसानहरुलाई उपलव्ध गराउने गरेको छ।

आ.व. २०७९/८० को लागि रासायनिक मलमा अनुदानको लागि बजेट विनियोजन तथा स्रोत सुनिश्चित भएको जम्मा रु. ३८ अर्ब ५० करोड मध्येबाट मल आपूर्तिका लागि मल आयातकर्ता कम्पनीले टेण्डर आव्हान/ सम्झौता भई निम्नानुसारको अवस्था रहेको छ ।

- आ.व. २०७९/८० मा मिति २०८०/०२/२२ सम्म जम्मा ३ लाख ३ हजार मे.टन मल आयात भैसकेको र गत आ.व.को बाँकी मौज्दात सहित जम्मा २ लाख ६० हजार मे.टन मल विक्री भैसकेको छ। हाल जम्मा ७३ हजार मे.टन मल मौज्दात अवस्थामा रहेको छ ।
- कृषि सामग्री कम्पनी लि.ले आयात गर्ने २० हजार मे.टन डीएपी मल भारतको विशाखापट्नम वन्दरगाहबाट नेपालको लागि चलान हुँदै गरेको र सो मध्ये केही मल विरगंज आईसकेको अवस्था छ।
- साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.ले आयात गर्ने २७ हजार मे.टन युरिया कोलकोत्ताबाट नेपालको लागि चलान हुँदै गरेको र सो मध्ये केही मल नेपाल भित्रिसकेको छ भने २५ हजार मे.टन डीएपी मल २९ जेष्ठ सम्म कोलकोत्ता आईपुग्ने जानकारी कम्पनीले गराएको छ ।
- कृषि सामग्री कम्पनी लि.ले आयात गर्ने ५००० मे.टन पोटास र साल्ट ट्रेडिङ्ग कार्पोरेशन लि.ले आयात गर्ने २५०० मे.टन पोटास भारतको विशाखापटनम् आईसकेको र भारत सरकार Department of Fertilizer ले पूनः निर्यात अनुमति दिए पश्चात नेपालको लागि चलान हुने जानकारी प्राप्त भएको छ।
- साल्ट ट्रेडिङ्ग कार्पोरेशन लि.ले आयात गर्ने २० हजार मे.टन डीएपी मलका लागि जहाज चीनको Load Port मा Loading को क्रममा रहेको र सो मल जेष्ठ ३२ सम्ममा कोलकोत्ता आईपुग्ने जानकारी प्राप्त भएको छ।
- कृषि सामग्री कम्पनी लि.ले आयात गर्ने ३०हजार मे.टन. युरियाको र २५ हजार मे.टन डीएपी मलको बोलपत्र सम्झौता भई प्रतितपत्र खोल्ने कार्य सम्पन्न भई समान सिप्मेन्टको लागि जहाज Load Port जादै गरेको जानकारी प्राप्त भएको छ ।

राजेन्द्र प्रसाद मिश्र (PhD.)
सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या :
च.नं. :

रासायनिक मलको मौज्दातको अवस्था (२०८०/०२/२२ को विवरण)

| मल / कम्पनी | कृषि सामग्री क. लि. | साल्ट ट्रेडिङ्ग क. लि. | जम्मा |
|---|---|---|---|
| युरिया, मे.टन | ३७३५१.५० | २२०९९.८० | ५९४५१.३० |
| डीएपी, मे.टन | १०६३९.९३ | २८५२.५५ | १३४९२.४८ |
| पोटास, मे.टन | ११८.०० | ४.३५ | १२२.३५ |
| जम्मा | ४८१०९.४३ | २४९५६.७० | ७३०६६.१३ |

नेपालसरकारले कृषकलाई अनुदानमा उपलब्ध गराउने मलको मूल्य सम्बन्धि व्यवस्था निम्नानुसार रहेको छ।

- आयात विन्दुको विक्रि मूल्यः युरिया प्रति के.जि रु.१४, डिएपि प्रति के.जि. रु.४३ र पोटास प्रति के.जि. रु ३१ रहेको छ ।
- **कृषि सामग्री कम्पनी लि. र साल्ट टेडिङ्ग कर्पोरेशन लि.का कार्यालयहरुको विक्रि मूल्यः** आयात विन्दुको लागि तोकिएको मूल्यमा प्रति के.जि. रु. १ संञ्चालन खर्च र आयात विन्दु देखि विक्रि केन्द्र सम्मको दुवानी भाडा जोडी विक्री मूल्य निर्धारण हुने व्यवस्था रहेको छ ।
- **सहकारी, एग्रोभेट तथा विभिन्न संस्थाहरु (डिलर)मार्फत गरिने रासायनिक मलको विक्रि मूल्यः** कृषि सामाग्री कम्पनी लि. तथा साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. का विक्री कार्यालयको मूल्यमा संचालन खर्च रु. १ प्रति के.जि. थप गरी ढुवानी भाडा जोडी विक्री मूल्य निर्धारण हुने व्यवस्था रहेको छ।

नेपाल सरकारबाट अनुदानमा उपलव्ध गराउने मलको विक्री मूल्यमा पारदर्शिता कायम गर्न तथा अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका,२०७७ को व्यवस्था बमोजिम स्थानीय समितिबाट निर्धारित विक्री मूल्यमा विक्री व्यवस्थाको लागि यस मन्त्रलायबाट मिति २०८०/०२/१९ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाय मार्फत सम्पूर्ण स्थानीय तहहरुमा अनुरोध भएको छ ।

राजेन्द्र प्रसाद मिश्र (PhD.)
सह-सचिव